कृषि तथा वन विज्ञान विश्वविद्यालय
वन विज्ञान संकाय
डीनको कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल
सम्पर्क फोन : ०५७-५२३२४८, ९८४५०२८८१२

मिति: २०७१/११/०१

# वन विज्ञान संकायको
# स्नातकोत्तर तथा विद्यावारिधी तहको
# विद्यार्थी भर्ना सम्बन्धि सूचना

शैक्षिक वर्ष २०७१/०७२ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अर्न्तगत वन विज्ञान संकाय, हेटौडा, मकवानपुरमा संचालन गरिने स्नातकोत्तर तथा विद्यावारिधी तह अर्न्तगत वन विज्ञान विषयमा भर्ना हूनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पूगेका इच्छुक व्यक्तिहरुले निम्न अनुसारको सर्त पालना गर्ने गरी आफुले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु र चारित्रिक प्रमाणपत्रका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति सहित रितपुर्वकको आवदेन फारम भरी तोकिएको म्याद भित्र यस संकायको डीनको कार्यालयमा बुझाउनु हुन सम्वन्धित सबैलाई सुचित गरिन्छ । अन्य विश्वविद्यालयबाट स्नातक/स्नातकोत्तर तह उत्तिर्ण गर्ने विद्यार्थीहरुले Migration Certificate को हकमा भर्ना भई AFU मा नाम दर्ता गर्ने समयमा सक्कलै प्रति पेश गर्नु पर्नेछ । म्याद नाघि वा रित नपुगि प्राप्त हुनु आएको आवेदन फारम उपर कुनै कारवाहि गरिने छैन् ।

## (१) एम.एस्सी. वन विज्ञान तह:

(क) अध्यापन हुने अधिकतम विद्यार्थी संख्या: १५

(ख) आवश्यक न्यूनतम आवश्यक शैक्षिक योग्यता:

वि.एस्सी. (वन विज्ञान) तह कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(ग) आवेदन फाराम विक्री र वुझाउने अवधि : मिति २०७१/११/०१ देखि मिति २०७१/१२/०५ सम्म कार्यालय समय भित्र (विदाको दिन बाहेक) । दोब्बर शुल्क बुझाई

मिति २०७१/१२/०६ देखि मिति २०७१/१२/१२ सम्म डीनको कार्यालय, वन विज्ञान संकाय, हेटौडा/केन्द्रीय कार्यालय, भरतपुर, चितवन र सम्पर्क कार्यालय, मिनभवन, काठमाण्डौबाट आवेदन फाराम लिन तथा बुझाउन सकिनेछ। साथै यस विश्वविद्यालयको website: www.afu.edu.np बाट आवेदन फाराम डाउनलोड गर्न पनि सकिनेछ।

(घ) **आवेदन फाराम शुल्क र प्रवेश परीक्षा शुल्क :** रु.२,०००।- (दुई हजार) एकमुष्ट (फाराम शुल्क रु.५००।- + प्रवेश परीक्षा शुल्क रु.१,५००।-) लाग्नेछ। उक्त शुल्कहरु वन विज्ञान संकायको नाममा रहेको राष्ट्रिय बाणिज्य बैङ्क, भरतपुर शाखा चल्ति खाता नं. १३१०००५९५१०१ मा जम्मा गर्नुपर्नेछ।

(ङ) **आवेदन फाराम लिन, बुझाउन वा थप जानकारीको लागी सम्पर्क गर्न सकिने स्थानहरु:**

- वन विज्ञान संकाय, हेटौंडा, मकवानपुर (फो.नं. ०५७-५२३२४८, ५२४१५४, ५२७३५४)
- कृषि तथा वन विज्ञान विश्वविद्यालय, केन्द्रिय कार्यालय, भरतपुर, चितवन (फो.नं.०५६-५२०६०२)
- कृषि तथा वन विज्ञान विश्वविद्यालय, सम्पर्क कार्यालय, विनायक, ध्रुवमार्ग, मीनभवन, काठमाण्डौ (फोन.नं.०१-४४७८६४७)

(च) **प्रवेश परीक्षा :** २०७१ साल चैत्र २४ गते मङ्गलबार दिनको ११:०० बजे यस संकायमा हुनेछ।

(छ) **प्रवेशपत्र वितरण :** २०७१ साल चैत्र २३ गते १२:०० बजे देखि वितरण गरिनेछ।

(ज) **भर्नाको आधार:** प्रवेश परीक्षालाई ९० प्रतिशत र स्नातक तहमा प्राप्त गरेको प्राप्त अंकलाई १० प्रतिशत भार दिई तयार पारिएको Merit List अनुसार स्नातकोत्तर तहमा भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षामा ९० प्रश्नहरु हूनेछन् जसको लागि ७० मिनेट समय दिइनेछ ।

(झ) यस शैक्षिक बर्षमा संचालन गरिने स्नातकोत्तर तहमा मेरीटको आधारमा विद्यार्थी भर्ना निर्धारण गरिएको छ । तीन जना भन्दा कम विद्यार्थी भएमा कक्षा संचालन गरिने छैन । सरकारी वा गैर सरकारी विभिन्न संघ/संस्थाबाट आवेदन आह्वान अघि भईसकेका MOU बमोजिम मनोनयन भई आउने विद्यार्थीले प्रबेश परीक्षा दिनू पर्ने

छैन। तर सम्बन्धित विषयमा स्नातक तह कम्तिमा द्धितिय श्रेणीमा पास गरेको हूनु पर्नेछ । Competitive Student Subsidized शूल्कमा भर्ना हून सक्ने विद्यार्थी संख्या ३ कायम गरीएको छ ।

(ञ) **नतिजा प्रकाशन मिति :** २०७१ साल चैत्र २५ गते ।

(ट) **विद्यार्थी भर्ना हुने अवधि:** २०७१ साल चैत्र २६ गतेदेखि २०७१ साल चैत्र ३० गतेसम्म ।

(ठ) **कोर्ष रजिष्ट्रेशन:** २०७२ साल बैशाख २ गते बुधबार ।

## (२) विद्यावारीधि वन विज्ञान तह: **(Ph.D. by Research)**

(क) **न्यूनतम आवश्यक शैक्षिक योग्यता:**

- सम्वन्धित विषयको प्राज्ञिक/विकास/अनूसन्धानमा ३ वर्षको अनूभव हूनु पर्नेछ ।
- सम्बन्धित विषयको स्नातकोत्तर तह कम्तीमा ६० अङ्क ल्याई उत्तीर्ण भएको हूनु पर्नेछ।
- First author भई Peer Reviewed Journal मा कम्तीमा दूई वटा Scientific article प्रकाशित गरेको हूनु पर्नेछ ।

( रमेश कुमार पाण्डेय )
डीन
वन विज्ञान संकाय

**नोट:** (क) थेसिस रिसर्चको लागि आवश्यक पर्ने रकम विद्यार्थी स्वयं बाट व्यवस्था हूनु पर्नेछ ।

(ख) छात्रावासको व्यवस्था हूने छैन ।

(ग) आवेदन फाराम बुझाउदा निम्नलिखित कागजपत्रहरु क्रमबद्ध रुपमा मिलाई बुझाउनु पर्नेछ ।

- पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# वन विज्ञान संकाय

## डीनको कार्यालय

हेटौडा, मकवानपुर, नेपाल

सम्पर्क फोन : ०५७-५२३२४८, ९८४५०२८८१२

- नेपाली नागरिकताको प्रमाणपत्र
- स्नातक तह परीक्षाको लब्धाङ्क प्रमाण पत्र (Transcript)
- स्नातक तह चारित्रिक प्रमाण पत्र
- स्नातक तहको Provisional Certificate
- समानस्तर निर्धारणको प्रमाण (अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गर्ने विद्यार्थीहरुको लागि)
- Migration Certificate (अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गर्ने विद्यार्थीहरुको लागि)
- सक्कल बैंक भौचर